# आयोजना छनौट (प्राथमिकरण) का आधारहरु

राष्ट्रिय योजना र स्थानीय विकास मन्त्रालयबाट आ.व.२०७३/०७४ का लागि प्राप्त बजेट सिलिङ्ग र मार्गदर्शनलाई समेतआधार मानि योजना तर्जुमा गरिएको छ । साथै योजना छनौट गर्न निम्न सूचकहरुलाई प्राथमिकता निर्धारण गर्ने आधार सूचक मानिएको छ :

| क्र. सं. | सूचकहरु | अंङ्कभार | कैफियत |
|---|---|---|---|
| १ | तत्काल फाईदा | **१०** | |
| | - तत्काल फाईदा पुग्ने | १० | |
| | - विस्तार फाईदा पुग्ने | ५ | |
| २ | रोजगारी प्रवर्द्धन | **१०** | |
| | -आयोजना संचालन र सम्पन्न भए पछि पनि रोजगार सृजना हुने | १० | |
| | - संचालनको वेलामा मात्र सृजना हुने | ५ | |
| | - विस्तार सृजना हुन सक्ने | १ | |
| ३ | आयमूलक | **१०** | |
| | - आयआर्जनमा प्रत्यक्ष र धेरै योगदान गर्ने | १० | |
| | - आयआर्जनमा अप्रत्यक्ष योगदान गर्ने | ५ | |
| | - आयआर्जनमा कुनै योगदान नगर्ने | १ | |
| ४ | कृषि उत्पादनमा वृद्धि | **१०** | |
| | - कृषि उत्पादनमा प्रत्यक्ष र धेरै योगदान गर्ने | १० | |
| | - कृषि उत्पादनमा अप्रत्यक्ष योगदान गर्ने | ५ | |
| | - कृषि उत्पादनमा कुनै योगदान नगर्ने | १ | |
| ५ | स्थानीय सीप, साधन र क्षमता प्रयोग | **१०** | |
| | - स्थानीय सीप साधन र क्षमताको अत्याधिक प्रयोग हुने | १० | |
| | - स्थानीय सीप साधन र क्षमताको केही प्रयोग हुने | ५ | |
| | - स्थानीय सीप साधन र क्षमताको प्रयोग नहुने | १ | |
| ६ | वातावरणीय संरक्षणमा सघाउन | **१०** | |
| | - वातावरणीय संरक्षण एवं जलवायु परिवर्तन अनुकुलमा धेरै र तत्काल सघाउने | १० | |
| | - वातावरणीय संरक्षण एवं जलवायु परिवर्तन अनुकुलमा थोरै सघाउने | ५ | |
| | - वातावरणीय संरक्षण एवं जलवायु परिवर्तन अनुकुलमा कुनै सघाउ नपुग्ने | १ | |
| ७ | पिछडिएका समुदायलाई पुग्ने फाईदा | **१०** | |
| | - पिछडिएका जाती, जनजाती, महिला, वालवालिकाहरुको आयआर्जनमा धेरै र तुरुन्त सहयोग पुग्ने | १० | |
| | - पिछडिएका जाती, जनजाती, महिला, वालवालिकाहरुको आयआर्जनमा केही प्रत्यक्ष सहयोग पुग्ने | ५ | |
| | - पिछडिएका जाती, जनजाती, महिला, वालवालिकाहरुको आयआर्जनमा अप्रत्यक्ष सहयोग पुग्ने | १ | |
| | **जम्मा** | ७० | |

# आयोजना स्वीकृती तथा कार्यान्वयन प्रक्रिया

जिल्ला विकास समितिले राष्ट्रिय योजना आयोगबाट प्राप्त मार्गदर्शन एवं बजेट सिमाको आधारमा आफु मातहतका गा.वि.स. र न.पा.मा बजेट सिमा एवं मार्गदर्शन पठाईन्छ। प्रत्येक गाउँ विकास समिति र नगरपालिकाको क्षेत्रभित्र बस्तीस्तरबाट योजना संकलन गरी वडा भेला, वडा नागरिक मञ्च,गा.वि.स.को एकिकृत योजना तर्जुमा समितिको बैठक हुँदै गाउँ परिषद्मा योजनाहरु पेश गरिन्छन् । गाउँ परिषद्ले आफ्नो श्रोत साधनले कार्यान्वयन गर्नसक्ने योजनाहरुमा बजेट व्यवस्था गरी योजना स्वीकृत गर्दछ । आफूले कार्यान्वयन गर्न नसक्ने ठूला प्रकृतिका योजनाहरु ईलाका स्तरीय योजना तर्जुमा बैठक मार्फत केन्द्रीय निकायहरुमा पेश गरिन्छ । ईलाका स्तरीय योजना तर्जुमा गोष्ठीमा पेश भएका योजनाहरु विषयगत समितिको बैठक, एकिकृत योजना तर्जुमा बैठक, जिल्ला विकास समिति बैठक हुँदै जिल्ला परिषद्मा प्रस्तुत गरिन्छ । जिल्ला परिषद्ले आफ्नो क्षमताले कार्यान्वयन गर्न सक्ने योजनाहरु स्वीकृत गरी बार्षिक कार्यक्रममा समावेश गर्दछ र बाँकी योजनाहरु सम्बन्धित केन्द्रीय स्तरका निकायहरुमा कार्यान्वयनको लागि अनुरोध गरी पठाईन्छ । केन्द्रीय स्तरको निकायहरुले क्रमशः आफ्नो कार्यक्रममा समावेश गरी योजना कार्यान्वयन गर्दछन् ।